नेपाल सकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन इकाई जुम्ला

## दलहन जोनमा आवद्ध हुन आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०४/१८)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको निर्देशक समितिद्वारा चालु आ ब २०७८।७९ देखि कालिकोट जिल्लामा दलहन जोन विकास कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको र परियोजना कार्यान्वयन एकाइ, जुम्लाबाट कार्यक्रम कार्यान्वयनको लागि प्रतिस्पर्धी क्षेत्र निर्धारण गर्न आवश्यक रहेकाले दलहनको लागि लोकप्रिय क्षेत्रका इच्छुक समुदायले स्थानिय तहको समेत सिफारिसका आधारमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र कृषि विकास कार्यालय, कालिकोट वा सम्बन्धित पालिकाको कृषि विकास शाखामा तोकीएका शर्तहरुलाई ध्यानमा राखि तपशील बमोजिमका कागजात सहित रितपूर्वक आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. तोकीएको निर्दिष्ट ढाचामा भरिएको निवेदन ।

२. सम्बन्धित पालिकाको सिफारिस पत्र ।

३. जग्गा भाडामा लिई व्यवसाय गरिने भएमा कम्तिमा पाँच वर्षको सम्झौता पत्रको प्रतिलिपि ।

४. संस्थाको हकमा पान नं, कर चुक्ता प्रमाणपत्र, सदस्यहरुको नागरिकता एवम् लालपुर्जाको प्रतिलिपि ।

५. समुह र सहकारीको हकमा कार्यक्रममा आबद्ध हुने निर्णयको प्रतिलिपि ।

६. लगानी साझेदारीको प्रतिबद्धता पत्र ।

**शर्तहरु:**

- सडकको पहुँचबाट बढिमा आधा घण्टा भित्र पैदल दरी भएको स्थानलाई प्राथमिकता दिईनेछ ।
- एकै कलष्टर वा क्षेत्रमा बाली लगाउन सकिने उक्त बालीको पकेट क्षेत्र भएको स्थान ।
- सिंचाई पूर्वाधारको उपलब्धता भएको वा उपलब्ध हुन संभावित क्षेत्र ।
- प्राबिधिक हिसावले दलहन बालीको प्रचुर संभावना भएको क्षेत्र ।
- बजारको उपलब्धता भएको क्षेत्र ।
- एक कलष्टरबाट कम्तिमा ५०० हेक्टरमा दलहन बाली लगाउन सकिने क्षेत्रफल रहेको स्थानलाई प्रथमिकता दिईनेछ ।

२०७८/०४/१८

नि.वरिष्ठ कृषि अधिकृत

**थप जानकारीको लागि**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन इकाई, खलङ्गा, जुम्ला

फोन नं : ०८७-५२०६६६/९८६८०९१९४९/९८५८३६६९३३/९८४८३१३११३

Email: pmamp.piu.jumla@gmail.com/pmamp.piu.kalikot@gmail.com